# मंगलसेन नगरपालिकाका
# नगर प्रमुख
# श्री पदम बहादुर बोहराज्यूद्वारा प्रस्तुत
# मंगलसेन नगरपालिकाको
# आ.व. २०८१/०८२को
# नीति तथा कार्यक्रम

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल
९ असार, २०८१

**<u>उपस्थित,</u>**

**<u>नगर उपप्रमुख,</u>**

**<u>प्रमुख प्रशासकीय अधिकृत,</u>**

नगर सभाका सदस्यहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, सञ्चारकर्मी र प्रत्यक्ष प्रशारण सुनिरहनु भएका आम नगरवासी आमा बुवा दाजुभाई तथा दिदीबहिनीहरु,

१. सर्वप्रथम, यस मंगलसेन नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरावान्वित भएको छु। यस अवसरमा सम्पूर्ण राजनीतिक दल, सरकारी तथा गैर सरकारी क्षेत्र, शिक्षक, बुद्धिजिवी, सरोकारवालाहरु, सम्पूर्ण साझेदार निकाय र आम नगरवासीहरुको नीति कार्यन्वयन र नगरको विकासमा साथ सहयोग र सहकार्यका लागि आव्हान गर्दछु।

२. मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा देश र जनताका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै, राजनैतिक आन्दोलनका क्रममा बेपत्ता, घाइते र अपाङ्गता भएका नागरीकहरू प्रति उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरीकले राष्ट्र निर्माणमा पुर्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु।

३. मंगलसेन नगरपालिका विगतमा झै अछाम जिल्ला भित्रका स्थानीय तह, प्रदेश र संघ सरकारसँगको सहकार्य, समन्वय र सह-अस्तित्वको मान्यतालाई

निरन्तरता दिदै नगरको समग्र विकासमा सहयोग पुग्नेगरी कार्यसम्पादन गर्ने गराउने विश्वास दिलाउँदै सोही बमोजिमको अपेक्षा गर्दछु।

४. स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको २ वर्ष अवधी पुरा भई नगरपालिकाले लिएका नितिगत तथा अन्य सुधारात्मक उपायको परिणाम स्वरुप सामाजिक, आर्थिक, पूर्वाधार, संस्थागत विकास तथा सु-शासनका क्षेत्रमा सकारात्मक नतिजा देखिन थालेको छ।

५. नगरपालिकाको कार्यप्रक्रिया, वित्तीय प्रणाली व्यवस्थित पारदर्शी विधिसम्मत र प्रभावकारी वनाउन सफल भएका छौं।

६. नगरविकासका सम्बन्धमा आम नगरवासी र नगरपालिका एकै ठाउँमा उभिएका छन । नगरपालिकालाई नागरीकको अभुतपुर्व साथ र सहयोग प्राप्त भएको छ। दृढ ईच्छाशक्ति र संकल्प भयो भने नगरको ***"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र दिगो पूर्वाधार, आत्मनिर्भर मंगलसेनको बलियो आधार"*** भन्ने नाराले सार्थकता प्राप्त गर्नेछ ।

७. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र नगरपालिका द्वारा निर्माण गरीएका विभिन्न कानूनहरुको कार्यान्वयन मार्फत विधिको शासन कायममा महत्वपूर्ण उपलव्धी हाँसिल भएको छ । आर्थिक सामाजिक रुपान्तरणमा तिव्रता आउनुको साथै विकास निर्माणले गति लिन थालेको छ ।

८. स्थानीय तहका अधिकार क्षेत्र कार्यान्वयन गर्न संस्थागत क्षमता कमजोर, न्युन जनशक्ति, संघ, प्रदेश र स्थानीय तहका क्षेत्राधिकारमा अस्पष्टता, स्रोतको न्यून उपलव्धताका कारण नगरको समष्टिगत विकास व्यवस्थापनमा चुनौती सिर्जना भईरहेको छ । नगर विकासका विद्यमान समस्यालाई समाधान गर्दै स्थायी, दिगो र फराकिलो आर्थिक वृद्धि गर्न नगर सरकार प्रतिवद्ध रहेको छ ।

९. अर्थतन्त्रको सुधार, सावर्जनिक खर्चमा मितव्ययीता, गुणस्तरीय पूर्वाधार निर्माण, सेवा प्रवाहमा सुधार तथा नवप्रवर्तन, उत्पादनमा र रोजगारीमा वृद्धि, पर्यावरणीय सन्तुलन, सामाजिक विभेदको अन्त्य, गरीबी निवारण, समावेशी विकास, नगरका प्रमुख नीतिगत प्राथमिकता

हुनेछन। नगरका वार्षिक नीति, कार्यक्रम तथा बजेट यीनै प्राथमिकतामा परिलक्षित हुनेछन्।

**नगरसभा सदस्यहरु,**

अब म मंगलसेन नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१०. दिगो बिकासका लक्ष्य हाँसिल गर्नेगरी सवै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम विच अन्तर आवद्धता कायम गरीनेछ।

११. नगर विकासमा सरकारी, निजि क्षेत्र, सहकारी तथा गैर सरकारी संघ संस्था मुख्य साझेदार हुनेछन। साझेदारी मार्फत सिप विकास, उत्पादन वृद्धी, सामाजिक सचेतना अभिवृद्धी गरीनेछ।

१२. राजस्व प्रशासनलाई सुदृढ गरी राजस्व सुधार योजनालाई क्रमश कार्यान्वयन गरी प्रगतिशिल करको सिद्धान्त अनुसार राजस्वको दायर विस्तार गरीनेछ्।

१३. सार्वजनिक खर्चको विनियोजन दक्षता तथा कार्यन्वयन क्षमतामा सुधार गरीनेछ। आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित वनाईनेछ ।

१४. सार्वजनिक खरिद प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित वनाउन विद्युतिय खरिद प्रणालीलाई पूर्ण रुपमा लागु गरीनेछ ।

१५. नगरको आवधिक योजना २०७९।०८०-२०८४।०८५ को नगर बिकास सम्बन्धी रणनीति, प्राथमिकता, क्षेत्रगत रणनीति र कार्यनीतिका आधारमा दिगो विकास लक्ष्य, लैंगिक उत्तरदायी तथा समावेशिकरण, गरीबी न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलतामा सहयोग पुग्नेगरी नगर विकास कार्यक्रम तर्जुमा गरीनेछ।

१६.	जलवायू परिवर्तनका असर र प्रभावलाई सामना गर्न उत्थानशिलता वृद्धी गरीनेछ । जलवायू अनुकुलन तथा विपद व्यवस्थापनका क्रियाकलापलाई एकिकृत गरी जोखिम न्यूनिकरण तथा रोकथाम गर्न विपद पूर्वतयारी तथा नक्साङकन गरीनेछ । वाढी तथा पहिरोबाट जोखिम युक्त वस्ती, सार्वजनिक संस्था तथा खेति योग्य जमिन संरक्षण गर्न संघीय र प्रदेश सरकार संग समन्वय गरीनेछ।

१७.	आगलागी, डढेलो, दुर्घटना र आपराधिक क्रियाकलापबाट सक्त घाईते भएकालाई शीघ्र उद्धार गरी उपचार गर्न एम्बुलेन्स, दमकल र स्वास्थ्यकर्मी एकिकृत रुपमा परिचालन गर्नेगरी आकस्मिक सेवा प्रणाली संचालनमा ल्याईनेछ। नगर विपद व्यवस्थापन कोषलाई व्यवस्थित रुपमा परिचालन गरीनेछ।

१८. कृषि उत्पादनमा वृद्धि र बाह्रै महिना सिचाई सुविधा पर्याउन सिचाई, कुलो पोखरी लगायतका पूर्वाधारहरु निर्माणमा विशेष जोड दिदै नगरलाई तरकारी, फलफुल, च्याउ, मसला बालि, मह उत्पादनमा आत्मनिर्भर बनाउन उत्पादनमा आधारित अनुदान कार्यक्रमहरु सञ्चालन गरीनेछन । खाद्यान्न, फलफूल, तरकारी पकेट क्षेत्र विकासका लागि संघ र प्रदेश सरकार संग पहल गरीनेछ।

१९. नगरमा उत्पादित स्थानिय एवं रैथाने बाली वस्तुलाई सम्बन्धित वडाको पहिचान दिई सहकारी र निजी क्षेत्र मार्फत बजारीकरण कार्यलाई निरन्तरता दिईनेछ।

२०. वढ्दो बसारसराई एवम  जंगली जनावरका कारणले बाँझो रहन गएका जमिनमा अदुवा, बेसार एवं

फलफूल, उन्नत जातको घाँस, पशु व्यावसाय प्रवर्द्धनलाई प्रोत्साहन गरीनेछ।

२१. **"एक वडा एक विशेष उत्पादन कार्यक्रम"** लाई प्राथमिकता दिदै संघीय र प्रदेश सरकारसंगको समन्वयमा स्थानीय उत्पादन उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम संचालन गरीनेछ। कृषि व्यवसायलाई प्रवर्द्धन र कृषकलाई प्रोत्साहन गर्न उत्कृष्ट व्यवसायिक कृषकलाई पुरुष्कृत गरिनेछ।

२२. यूवाहरुलाई कृषि व्यवसायमा आकर्षण गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

२३. नगरलाई खाद्यन्नमा आत्मनिर्भर बनाउन चाईरा, कैलाश खोला, छायातडा क्षेत्रलाई धान पकेट क्षेत्रका रुपमा विकास गर्न विशेष पहल गरीनेछ। कृषकको

लगानीलाई सुरक्षीत गर्न पशु र बाली बीमा कार्यक्रमको लागि प्रदेश सरकार संग समन्वय गरीनेछ।

२४. **"सामुदायीक वन, फलाउनेछ धन"** अभियान अन्तर्गत सामुदायिक, निजि, सार्वजनीक, कवुलियती वनको अभिलेखिकरण, नियमन, वृक्षारोपण, नर्सरी स्थापना, टिमुर, रिठा, मिठो ओखर, बकाईनो जस्ता जडिबुटी र फलफुजन्य जन्य उत्पादनलाई प्रोत्साहन गरीनेछ ।

२५. सार्वजनिक जग्गा नदि किनार, सडक छेउछाउ लगायत अन्य नाङ्गो क्षेत्रमा **"हरित सिप, हरित रोजगारी, हरित मानसिकता"** अभियान संचालन कार्यलाई निरन्तरता दिईनेछ।

२६. **जलउपयोग तथा सरसफाई गुरुयोजना, २०८०** अनुसार खानेपानी, सिचाई, लघु जलविद्युत,

पानीघट्टको दिगो उपयोगको लागी मुहान संरक्षण, रिचार्ज पोखरी निर्माण, ताल (सिमसार) संरक्षण कार्यक्रम अगाडी वढाईनेछ। **"स्वच्छ खानेपानी, नगरको लगानी"** भन्ने नाराका साथ दिगो विकासको लक्ष्य हाँसिल हुने गरी साझेदार निकायहरुसंगको सहकार्य/समन्वयमा **"एक घर एक धारा"** निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

२७. नगरक्षेत्रमा रहेको भौगोलिक अवस्था, उत्पादन क्षमता, वनजङ्गल, नदीनालाको समुचित उपयोगको लागि नगरको भू-उपयोग योजना-२०७९ लाई कार्यान्वयन गर्न जल, जंगल, जमिन, जडिबुटी र जनशक्तिको उच्चतम उपयोग गरी नगरको समुचित विकास गर्दै लगिनेछ।

२८. जग्गा दर्ता भई जग्गा धनि पुर्जा प्राप्त गर्न छुटेका नागरीकको जग्गा धनिपुर्जा प्राप्तीको लागि सम्बन्धित निकायमा पहल गरीनेछ।

२९. नगरक्षेत्रमा रहेका सबै सार्वजनिक जग्गाहरुको लगत व्यवस्थित गरीनेछ।

३०. कृषि तथा पशुपालन व्यावसाय प्रवर्दन गर्न नगरका सबै वडाहरुलाई पायक पर्ने विभिन्न स्थानमा कृषि तथा भेटनरी प्राविधिक तथा औषधिको व्यावस्थापन हुने गरी कृषि तथा भेटनरी सेवा केन्द्रहरु स्थापना गरी सञ्चालनमा ल्याईनेछ।

३१. युवा उद्यमीलाई प्रोत्साहित गरी युवा स्वरोजगारीमा बृद्धि गर्न, **गोठ देखी ओठ** सम्म स्वस्थ उत्पादन तथा उपभोग का साथै माछा, मासु र दुधमा आत्मनिर्भर

बनाउन भैसी, बाख्रा र स्थानीय जातका कुखुरा पालन व्यवसायलाई प्रवर्द्धन  गरीनेछ।

३२. नगरपालिकाकालाई दुधमा आत्मनिर्भर बनाउनको लागि **“भैसी व्यावसाय प्रवर्द्धन कार्यक्रम”** सञ्चालन गरिनेछ। **"पशुपंक्षिको नश्ल सुधार, उत्पादकत्व बृद्धिको आधार"** भएकोले गाई भैसी र वाख्राको कृत्रिम गर्भाधान कार्यक्रमलाई संचालन गरी पाँच वर्षभित्र उन्नत नश्लका पशुहरुको संख्यामा वृदि गरीनेछ।

३३. पशुपंक्षिपालन र गुणस्तरीय पशुजन्य पदार्थको उत्पादन, आन्तरिक मागको आपुर्ति तथा निर्यात प्रर्वद्धन गर्नमा बाधक देखिएका लम्पीस्किन, खोरेत, पि.पि.आर, रेविज, स्वाईनफिभर, रानीखेत जस्ता रोगको रोकथामको लागि वृहत खोप सप्ताह कार्यक्रम

संचालन गरीनेछ । जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनीति अवलम्वन गर्नुका साथै सन् २०३० सम्ममा रेविजलाई **इतिहासमा सिमित राखौं** भन्ने मूल मन्त्रलाई कार्यान्वयनमा ल्याउन निःशुल्क रुपमा रेविज विरुद्ध खोप अभियान कार्यक्रम संचालनमा ल्याईनेछ । पशुपंक्षि उपचार सेवालाई विशेष प्राथमिकतामा राखि विशेषज्ञ सेवा सहितको प्राविधिक सेवा उपलव्ध गराईनेछ।

३४. पशुपालन व्यावसायमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दे साना तथा व्यवसायिक महिलामुखी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३५. कृर्षि तथा पशुपंक्षि सम्वन्धि महत्वपुर्ण सूचना र तथ्याङ्क (पशुपंक्षि फार्म,पशुपंक्षि संख्या गणना,

पशुपालन व्यावसायी, उद्यमी, दाना उद्योगी आदि) संकलन र विश्लेषण गर्ने कार्यलाई निरन्तरता दिईनेछ्।

३६. स्थानीय उत्पादनको संरक्षण, प्रवर्द्धन गर्न गरीवसँग विश्वेश्वर कार्यक्रम र लद्यु उद्यम कार्यक्रम सँग साझेदारी गरी साझा सुविधा केन्द्र र एक कोशेली घर स्थापना गरी सञ्चालनमा ल्याईनेछ।

३७. सहकारी तथा सामुदायिक संस्थाको अनुगमन र नियमन, संस्थागत सु-शासन, एकीकरण, बचत तथा लगानिको सदुपयोग र सुरक्षा गर्न आवश्यक व्यवस्था मिलाईनेछ। साथै सहकारी क्षेत्रको पूर्ण संरचना सहित बचत तथा ऋण सहकारीलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्दित हुन प्रेरित गरीनेछ।

३८. लक्षित वर्गहरु युवा, महिला, दलित, विपन्न नागरीक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक

नागरीकहरुको जिविकोपार्जन तथा रोजगारी सिर्जना गर्न संघ, प्रदेश तथा अन्य साझेदार संघ-संस्थाहरु संगको समन्वयमा सीपविकास तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३९. सडक मर्मत समूह परिचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४०. मंगलसेन नगरपालिका भित्र **"सवैका लागि शिक्षा Education for all"** भन्ने मूल नारालाई मूर्तरुप दिन विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

४१. सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्राथमिकता दिइनेछ। अङ्ग्रेजी र नेपाली दुबै माध्यमबाट शिक्षण सिकाइको लागि आवश्यक व्यवस्था मिलाउदै जाने नीति लिइनेछ।शिक्षा क्षेत्रको समग्र गुणस्तर सुधार गर्न माध्यमिक तथा आधारभुत

तह (कक्षा ८ देखि १० सम्म) संचालित विद्यालयमा नगरपालिका र निजी साझेदार संस्थाहरुको आर्थिक र प्राविधिक सहयोगमा विद्युतीय हाजिरी नीति अवलम्बन गरीनेछ ।

४२. सामुदायीक विद्यालयमा विद्यार्थीहरुको आकर्षण बढाउन, विद्यालयलाई प्रतिष्पर्धी बनाउन मापदण्ड अनुसार कक्षागत विद्यार्थी पुर्याउने विद्यालयहरुलाई बिशेष विद्यालय प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याईनेछ। कार्यसम्पादनमा आधारित / सिकाई उपलव्धीमा आधारित तहगत रुपमा उत्कृष्ट शिक्षक प्रोत्साहन गरिनेछ।

४३. सामुदायीक विद्यालयमा अध्ययनरत प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म सम्पूर्ण विद्यार्थीहरुलाई विद्यालयमा नियमितता गराउन

विद्यालयमा दिवाखाजा कार्यक्रम स्थानीय उत्पादनमा आधारित बनाईनेछ । बालबालिकाहरुको विद्यालय भर्ना अभियान कार्यलाई प्रत्येक बर्ष अभियानको रुपमा अगाडी बढाईनेछ। विद्यालय छाड्ने दर घटाउन आवश्यक व्यवस्था गरीनेछ।

४४. नगरपालिका भित्रका प्रारम्भिक बालशिक्षा तथा विद्यालय शिक्षा गुणस्तर अभिवृद्धि गर्न तालिमको व्यवस्था, पुरस्कार तथा दण्डको नीति सहित मापदण्ड बमोजिम विद्यालयको नक्शांकनका आधारमा नयाँ अनुमति र गाभ्ने (मर्ज) नीति क्रमश कार्यान्वयन गरीनेछ।

४५. आधारभूत तहको शिक्षामा स्थानीय भूगोल, सम्पदा पहिचान, आर्थिक, सामाजिक, भाषा, कला, सँस्कृति

तथा परम्परालाई सम्वर्द्धन र जगेर्ना हुने गरी स्थानीय पाठ्यक्रम लागू गरीनेछ।

४६. नगरक्षेत्र भित्रका सामुदायिक सिकाई केन्द्रको क्षमता विकास गर्न तालिम, व्यवस्थापन र नियमन गरीनेछ।

४७. नगरका सम्पूर्ण सामुदायिक विद्यालयले विद्यार्थी, शिक्षक र विद्यालयको शैक्षिक गतिविधिको अभिलेख व्यवस्थापनका लागि सूचना प्रविधिमा आधारित बनाईनेछ्।

४८. उच्च शिक्षालाई गुणस्तर, अनुसन्धानमुखी र जीवन उपयोगी बनाउन नगर क्षेत्र भित्रका क्याम्पसहरुलाई प्रोत्साहन गरीनेछ ।

४९. संघ तथा प्रदेश सरकार सँगको समन्वयमा मंगलसेन खेलमैदानको पूर्वाधार निर्माणका साथै नगर

स्तरीय एवम जिल्ला स्तरीय खेलकुद कार्यक्रम संचालन गरीनेछ।

५०. लैङ्गिकतामा आधारित सवै प्रकारका हिंसा, विभेद र शोषण अन्त्य गरीनेछ। नगरपालिकालाई बालविवाह, बहुविवाह तथा छाउपडी लगायतका हानीकारक अभ्यासबाट मुक्त तुल्याईनेछ । हिंसा पिडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुनःस्थापना, निःशुल्क कानूनी सहायता, मनोसामाजिक मनोपरामर्श, सिपविकास तथा आय आर्जन मूलक कार्यक्रम संचालन गरीनेछ।

५१. सुरक्षित आवास गृहलाई नगरमातहतमा ल्याई प्रभावकारी र व्यवस्थित रुपमा संचालन गरीनेछ।

५२. एकल महिला तथा अपाङ्गता भएका व्यक्तिको जिवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाउन आय आर्जनका कार्यक्रमहरु निरन्तरता दिईनेछ।

५३. महिला उद्यमी प्रोत्साहन कार्यक्रम संचालन गरीनेछ र महिला व्यावसायीहरुलाई व्यावसाय दर्ता नविकरणमा विशेष छुटको व्यावस्था मिलाईनेछ।

५४. विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि बालसंरक्षण कोषलाई निरन्तरता दिईनेछ। साथै बालश्रम मुक्त नगर निर्माण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

५५. जेष्ठ नागरीकको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै **"नगर प्रमुख जेष्ठ नागरिक कार्यक्रम"** मार्फत चौमासिक रुपमा स्वास्थ्य जाँच तथा नसर्ने रोगको

निःशुल्क औषधी वितरण गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

५६. महिलाको प्रजनन् स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखी मातृ तथा बाल स्वास्थ्य सेवालाई थप सुदृढ गर्दै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप प्रभावकारी वनाईनेछ।

५७. "उप-प्रमुख सुत्केरी उद्दार कार्यक्रम" अन्तरगत जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

५८. खोप सेवा वालवालिकाको नैसर्गिक अधिकार भएकोले गुणस्तरीय खोप सेवा संचालन को लागी आबस्यक साधन सहितको खोप तथा गाउघर क्लिनिक भवनहरु क्रमश; सबै वार्डमा निर्माण गरिनेछन ।

५९. पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ् खस्ने लगायतका रोगहरुको पहिचानको लागि स्क्रिनिङ्ग क्याम्प, बिभिन्न निकायहरुको साझेदारीमा विशेषज्ञ सहितको स्वास्थ्य सिविर संचालनका लागि पहल गरीनेछ । स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवालाई क्रमश विस्तार गर्दै लगिनेछ।

६०. नसर्ने रोग रोकथाम तथा नियन्त्रणका लागि आयुर्वेदका विशिष्टिकृत सेवाहरु पूर्वकर्म, पञ्चकर्म, योग तथा स्वस्थ जीवन सेवा संचालनका लागि सम्बन्धीत निकायहरुसंग समन्वय गरीनेछ । क्षयरोग,कुष्टरोग, पानीजन्य रोगहरु, किटजन्य रोगहरु आदीको न्युनिकरण को लागी विभिन्न कार्यक्रम संचालन गरिने छन्।

६१. सङ्घीय सरकारसँग समन्वय गरी क्यान्सर, मेरुदण्ड पक्षघात र मिर्गौलाका विपन्न बिरामीलाई मासिक ५००० औषधि खर्च दिने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

६२. मातृशिशु कार्यक्रम अन्तरगत शिशु मृत्युदर, बाल मृत्यदर, मातृ मृत्युदर घटाउन चौवीसै घण्टा प्रसुती सेवालाई प्रभावकारी बनाउन **"नगर सरकार निरोगी आमा, स्वस्थ शिशु नगरको आधार"** भन्ने नाराका साथ शुन्य होम डेलिभरी, पूर्ण खोप सुनिस्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिईने छ।

६३. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न बहुक्षेत्रीय पोषण योजनालाई थप प्रभाकारी रुपमा कार्यन्वयन गर्दै लगिनेछ।

६४. नागरीकको स्वास्थ्य उपचार सहजताका लागि नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रममा नगरका सम्पूर्ण नागरीकहरुलाई आवद्ध गर्न सचेतीकरण कार्यक्रमहरु संचालन गरीनेछ।

६५. नगरक्षेत्रका सवै स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवालाई आवश्यकता, प्रभावकारीता र गुणस्तरियता सुनिश्चितताको लागि स्वास्थ्य संस्थाको कार्यबोझको आधारमा एकिकरण तथा खारेजी गरि आवश्यक स्रोत साधन सहितको जनशक्ति व्यवस्थापन गरिने छ।

६६. लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण,मनोरोग नियन्त्रण ,आत्महत्या रोकथाम लगायत मानसिक स्वास्थ्य प्रबर्दनात्मक क्रियाकलापहरुलाई प्राथमिकताका साथ समुदाय स्तरमा संचालन गरिने छ।

६७. समुदाय स्तरमा रक्तदान बारे गलत धारणा हटाउन तथा जटिल अवस्थामा रहेका गर्भवति,सुत्केरी तथा अन्य आकस्मिक अवस्थामा रहेका बिरमीलाई सजिलै रगतको उपलब्धताको लागि सम्पुर्ण नगरबासिको रक्त समुह परिक्षण गर्नुका साथै रक्तदान बारे जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

६८. गैर सरकारी संघ संस्थालाई नगरको आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन र व्यवस्थापन गर्दै सामाजिक विकासको लागी विभिन्न कार्यक्रमहरु संचालन गरीनेछन।

६९. शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरीनेछ । अनलाईन सेवाहरु वडा तहबाट नै उपलव्ध गराईनेछ ।

७०. राष्ट्रका लागी खेलकुद, स्वास्थ्यका लागी खेलकुद भन्ने मुला नारालाई सार्थकता दिन खेलाडि पहिचान, खेल पूर्वाधार विकास र खेलकुद कार्यक्रम संचालन गरीनेछ

७१. संचार माध्यमलाई सार्वजनिक सेवाको प्रसार गर्न आवश्यक समन्वय गर्दै समानुपातीक विज्ञापन वितरण गर्ने व्यवस्था मिलाईनेछ।

७२. नैतिकवान सार्वजनिक व्यवहार प्रदर्शन गर्दै स्वच्छ मूल्य मान्यता र सदाचार सुदृढ गर्ने दिशामा नगरपालिका सक्रिय रहनेछ।नगरपालिका अन्तर्गतका सबै वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा पारदर्शिता, जवाफदेहिता र निष्पक्षता कायम गर्दै प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गरीनेछ।

७३. जनप्रनिधि एंव कर्मचारीहरुको क्षमता विकास गरी नगरको कार्यसम्पादनका विभिन्न सुचकहरु वृद्दि गरी नगरबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, नतिजामुखी, नागरीकमैत्री बनाईनेछ ।

७४. विकास कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मुल्यांकन प्रणालीलाई सूचना प्रविधीमा आधारित र नतिजामूलक बनाइनेछ ।

७५. प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई साझेदारी मोडलमा कार्यन्वयन गरी थप प्रभावकारी बनाइनेछ । साथै वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन संघ, प्रदेश र नरपालिकाको सहकार्यमा सुरक्षित आप्रवासन कार्यक्रम संचालन गरीनेछ ।

७६. **“नगर सरकार जनताको घर-घर”** भन्ने नाराका साथ भौगोलिक अवस्था र परिस्थितिलाई मध्यनजर गरी घुम्ती सेवा जस्तै स्वास्थ्य शिविर, सामाजिक सुरक्षा भत्ता वितरण लगायत एकिकृत घुम्ती सेवा जस्ता कार्यक्रम निरन्तरता दिईनेछ।

**७७.** नगरबाटबाट प्रवाह हुने सेवालाई प्रभावकारी, जनमुखि बनाउन सरोकारवालाहरुसँग अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**७८.** उपभोक्ता हक संरक्षण गर्न, खाद्य गुणस्तर र औषधिको समुचित प्रयोगलाई सुनिश्चत गर्न वजार अनुगमन कार्यलाई प्रभावकारी वनाईनेछ।

**७९.** न्यायीक समितिको क्षमता विकास कार्यक्रम संचालन गरी **दिगो शान्तीको लागि उन्नत सम्बन्ध** भन्ने नाराका साथ नगरबासीहरुलाई छिटो, छरितो,

पहुँच योग्य, निष्पक्ष न्याय सेवा प्रदानका लागि **"अडान होईन चाहानाको पहिचान, जसको समस्या उसैबाट समाधान"** गर्ने नीति अवलम्बन गरीनेछ।

८०. विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरीनेछ। नगर गौरवका र रुपान्तरणकारी आयोजनाको कार्यान्वयनमा प्राथमिकता दिईनेछ।

८१. पूर्वाधार विकासका लागि आवश्यक पर्ने नदीजन्य एंव खानीजन्य ढुंङ्गा, गिट्टी, बालुवाजस्ता वस्तुहरुको अनियन्त्रित दोहन रोक्न, जथाभावी उत्खननबाट नदी, खोला किनारका भौतिक संरचना तथा मानवबस्तीमा परेको जोखिम न्यूनीकरण, उक्त पदार्थको दिगो,

नियमित र सहज आपूर्ति सुनिश्चित गर्न नीतिगत तथा कानूनी व्यवस्था गरीनेछ ।

८२. नगर भित्र ठुला आयोजना संचालन गर्दा वातावरणिय प्रभाव मुल्यांकन र विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र संचालन गरिनेछ।

८३. सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित बनाउन वडा कार्यालयका प्रशासनिक भवन, स्वास्थ्य चौकी भवन र विद्यालयका भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

८४. भवन निर्माण मापदण्ड कार्यान्वयन गर्न घरनक्सा पास कार्यलाई व्यवस्थित रुपमा लागु गर्दै लगिनेछ। नगरभित्र सम्पूर्ण जनसांख्याकी तथ्यङ्कलाई सेवा प्रवाहसँग जोड्न घरधुरी अभिलेखिकरण गरिनेछ।

८५. मंगलसेन मुख्य बजार देखि क्याम्पस सडक र पालिका केन्द्र जोड्ने सडकलाई कालोपत्रे गरीनेछ। नगरभित्रका मुख्य सडकहरु मंगलसेन-वलिगाउँ-कालागाउँ सडक, मंगलसेन-कुन्ती-वस्ती-बुढासैन-लोडेघाट सडक र ठुलासैन-डम्पिङ साईड सडकलाई संघ र प्रदेश सरकार संगको समन्वयमा ग्राभेल सडकको रुपमा विकसित गरीनेछ साथै अन्य वडा केन्द्र र पालिका केन्द्र जोड्ने सबै सडकको स्तरोन्नती तथा मर्मत गरी बाह्रै महिना संचालन हुने व्यवस्था मिलाईनेछ।

८६. "सुन्दर नगर मंगलसेनको अभियान" भन्ने नाराको साथ मंगलसेन बजार फोहोर मैला व्यवस्थापन पूर्वाधार विस्तार गरिनेछ। प्लास्टिक जन्य वस्तुको

प्रयोगलाई निरुत्साहन गर्न स्थानीय उत्पादन दुना, टपरी, बाँस र निगालोको उत्पादनमा जोड दिईनेछ ।

**नगर सभा सदस्य ज्यूहरु**

हालसम्म हाँसिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धीलाई संस्थागत गर्दै आगामी विकासको क्रमलाई थप गतिशिल बनाउन तथा सेवा प्रवाहलाई सरल, सहज र नागरीकमैत्री बनाउन नगरपालिकाले तय गरेका नीति तथा कार्यक्रमहरु, प्रदेश र संघीय सरकार नीति तथा कार्यक्रमका साथै आवधिक योजना, दिगो विकासका लक्ष्यहरु अनुसार योजना कार्यान्वयनका लागि आधार तय गर्दै सुशासनको प्रत्याभुत भई नगरवासीको समृद्धी अभिवृद्धी हुने दृढ विश्वासका साथ यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

धन्यवाद ।